# कैलाश राजपत्र

## कैलाश गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ५) मकवानपुर, चैत्र ७ गते, २०८० साल (संख्याः १३**


# भाग - २

स्थानीय सरकार

कालिकाटार, मकवानपुर, बागमती प्रदेश, नेपाल

## "कैलाश ग्रामीण आँखा केन्द्र (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि २०७९"

कैलाश गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**प्रस्तावनाः**

नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, हेटौडा सामुदायिक आँखा अस्पताल समेतको प्राविधिक सहयोग प्राप्त गरी स्थानीयबासीहरुलाई सर्वसुलभ, सरल र प्रभावकारी आँखा स्वास्थ्य सेवा गाउँपालिकास्तरमा प्रदान गर्नका लागि ग्रामीण आँखा केन्द्रको सञ्चालन एवं व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

कैलाश गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्य विधिको नाम “कैलाश ग्रामीण आँखा केन्द्र (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि २०७९" रहेकोछ।

(२) यो कार्य विधि कैलाश गाउँपालिकाको कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः** मकवानपुर जिल्लाको कैलाश गाउँपालिकामा आँखा स्वास्थ्य सेवा प्रदान गर्न सञ्चालन गरिने कैलाश आँखा केन्द्र बुझिनेछ।

**३. संस्थाको नामः** कैलाश गाउँपालिकाको ग्रामीण आँखा केन्द्र (Kailash Rural Eye Centre) रहनेछ।

**४. स्थानः** कैलाश ग्रामीण आँखा केन्द्र गाउँपालिकाको वडा नं ३ स्थित कालिकाटारमा रहनेछ।

**५. उद्देश्यः** सबैको पहुँच मा पुग्न सक्ने गरि सर्बशुलभ मुल्यमा आँखा स्वास्थ्य सेवा प्रदान गर्ने।

**६. कार्यक्षेत्रः** यस केन्द्रको कार्य क्षेत्र कैलाश गाउँपालिकाको सबै वडाहरु र छिमेकी गाउँपालिकाहरु समेत रहनेछ।

**७. आधिकारीकताः** यो केन्द्र कैलाश गाउँपालिकाले नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, हेटौडा सामुदायिक आँखा अस्पताल समेतको प्राविधिक सहयोगमा सञ्चालन गरिनेछ।

## परिच्छेद - २

## ग्रामीण आँखा केन्द्र सञ्चालन

**८. ग्रामीण आँखा केन्द्र सञ्चालनः** (१) ग्रामीण आँखा केन्द्र सञ्चालनको लागि ५ (पाँच) सदस्यीय कैलाश ग्रामीण आँखा केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिम गठन गरिने समितिमा देहाय बमोजिमका पदाधिकारीहरु हुनेछन।

(क) गाउँपालिकाको अध्यक्ष -अध्यक्ष

(ख) अध्यक्षले तोकेको कार्यपालिकाको १ जना महिला सदस्य -सदस्य

(ख) स्वास्थ्य संयोजक -सदस्य

(ग) सम्बन्धित वडाको स्वास्थ्य चौकी -सदस्य

(ङ) ग्रामीण आँखा केन्द्र प्रमुख -सदस्य सचिव

(३) समितिको अध्यक्षले आवश्यकता अनुसार बाह्य आँखा अस्पतालहरुबाट विशेषज्ञलाई सल्लाहकारको रुपमा बोलाउन सक्नेछ।

**९. सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः** (१) दफा ८ बमोजिम गठित सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. गाउँपालिकाले सामुदायिक आँखा केन्द्र सञ्चालनको लागि आवश्यक पूर्वाधार (भवन वा कम्तिमा दुई कोठा) उपलव्ध गराईको भवनको व्यवस्थापन गर्नेछ। साथै कार्यक्रमको आवश्यकताको आधारमा पुर्वधार विस्तार गर्न सकिनेछ।

२. आँखा सेवा केन्द्रको बारेमा प्रचार प्रसार गर्ने तथा उपर्यूक्त वातावरण तयार गर्नेछ।

३. ग्रामीण आँखा केन्द्रमा आवश्यक उपकरण, चस्मा तथा औषधिको लागि हेटौडा सामुदायिक आँखा अस्पतालसँग समन्वय गरी खरिद गर्ने।

४. केन्द्रको दैनिक प्रशासनिक, प्राविधक र आर्थिक कार्य एवम केन्द्रबाट संचालन हुने कार्यक्रमहरुको निर्माण, संचालन, अनुगमन तथा मूल्यांकन गर्ने।

५. केन्द्रको आत्मनिर्भरताको लागि आवश्यक भौतिक पूर्वाधार, क्लिनिक तथा कार्यरत कर्मचारीहरुको वृत्ति विकासकोलागि श्रोत तथा साधनको व्यवस्था गर्ने।

६. समितिको सदस्य सचिवले आवश्यकता अनुसार समितिको बैठक बोलाउने र भएको प्रगति विवरण कैलाश गाउँपालिका र हेटौडा सामुदायिक आँखा अस्पताल दुवैलाई पेस गर्ने।

**१०. नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रष्तिष्ठान, हेटौडा सामुदायिक आँखा अस्पतालले गर्ने कार्यहरुः**

१. हेटौडा सामुदायिक आँखा अस्पतालले कैलाश गाउँपालिकामा सामुदायिक आँखा केन्द्र सञ्चालन गर्न आवश्यक प्राविधिक सहयोग गर्नेछ।

२. सामुदायिक आँखा केन्द्र मार्फत सञ्चालन गर्ने आँखा शिविर, आँखा स्वास्थ्य सम्बन्धी तालिम/गोष्ठी र अन्य परियोजनाहरु सञ्चालन गाउँपालिकाको सहकार्यमा सञ्चालन गर्नेछ।

३. विशेषज्ञ सेवा आवश्यक परेमा हेटौडा सामुदायिक आँखा अस्पताल तथा तिलगंगा आँखा प्रतिष्ठानसँग समन्वय गराउने।

**११. आँखा केन्द्रमा उपलव्ध हुने सेवाहरुः** कैलाश गाउँपालिकाको ग्रामीण आँखा केन्द्रबाट नागरिकहरुलाई देहाय बमोजिमका आँखा स्वास्थ्य सेवा उपलब्ध गराईनेछः

१. बिरामीको दृष्टि तथा चस्मा जाँच,

२. बिरामीको आँखा सम्बन्धी रोगहरुको परीक्षण तथा उपचार,

३. आँखाको सामान्य शल्यक्रिया,

४. सर्वशुलभ रुपमा चस्मा तथा औषधि सेवा,

५. जटिल समस्या भएका बिरामीहरुलाई थप सेवाको लागि नजिकको सुविधा सम्पन्न आँखा अस्पतालमा रेफर गर्ने,

६. सामुदायिक कार्यक्रम, आँखा शिविर, विद्यालय आँखा शिविर र तालीमहरु सञ्चालन गर्ने।

**१२. सामुदायिक आँखा केन्द्रको मानव संशाधनः** यस ग्रामीण आँखा केन्द्रमा तपसिल बमोजिमको जनशक्ति रहनेछः

| | |
|---|---|
| १. नेत्र सहायक (पाँचौ तह) | १ जना |
| २. आई हेल्पर(सहयोगी) | १ जना |

१३. **सामुदायिक आँखा केन्द्रको भौतिक पूर्वाधारः** यस सामुदायिक आँखा केन्द्रको भौतिक पूर्वाधार तपसिल बमोजिम हुनेछः

१. उपकरण- हेटौडा सामुदायिक अस्पतालले व्यवस्था गर्ने,

२. फर्निचर- कैलाश गाउँपालिकाले व्यवस्था गर्ने,

३. पुर्वाधार (कोठा तथा क्षेत्रफल)- कैलाश गाउँपालिकाले व्यवस्था गर्ने,

४. चश्मा, औषधि र शिशाहरु- हेटौडा सामुदायिक अस्पताल र कैलाश गाँउपालिकाले व्यवस्था गर्ने,

५. रिर्पोटको नमूना पत्र- हेटौडा सामुदायिक आँखा अस्पताल,

६. आर्थिक कारोवारको नमूना पत्र- हेटौडा सामुदायिक आँखा अस्पताल।

१४. **सामुदायिक आँखा केन्द्रको सेवा शुल्क र खाता सञ्चालन समबन्धी व्यवस्थाः**

(१) सामुदायिक आँखा केन्द्रको सेवा शुल्क कैलाश ग्रामीण आँखा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिले नेपाल आँखा कार्यक्रम तिलगंगा आँखा प्रतिष्ठान, हेटौडा सामुदायिक आँखा अस्पताल र गाउँपालिका दुवै पक्षसँग समन्वय गरी तय गर्नेछ।

(२) आँखा केन्द्रको सेवा शुल्क, औषधि तथा चस्मा सेवा र अन्यबाट संकलित रकम कैलाश ग्रामीण आँखा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिका सदस्य सचिव र गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त हस्ताक्षरमा सञ्चालन गरिनेछ।

(३) सामुदायिक आँखा केन्द्रमा जम्मा भएको नगद दैनिक रुपमा बैंकमा जम्मा गर्नु पर्नेछ।

## परिच्छेद - ३
## संरक्षक, प्रतिवेदन तथा अन्य

१४.१ सामुदायिक आँखा केन्द्रको संरक्षक कैलाश गाउँपालिकाको अध्यक्ष रहनेछ।

१४.२ केन्द्रको प्रमुखले मासिक रुपमा नेपाल आँखा कार्यक्रम, हेटौडा सामुदायिक आँखा अस्पतालमा प्रतिवेदन पेश गर्नु पर्नेछ। समय समयमा माग भएको अन्य प्रतिवेदनहरु पनि दिनु पर्नेछ।

१४.३ ग्रामीम आँखा केन्द्रका प्रमुखले चस्मा, औषधिको स्टक प्रतिवेदन चुस्त र दुरुस्त र केन्द्रको अन्य क्रियाकलाप जिम्मेवारी पूर्ण ढङ्गले पालना गर्नु पर्नेछ।

१४.४ केन्द्रका कर्मचारीले आँखा केन्द्रलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पर्ने कुनै पनि किसिमको क्रियाकलापमा संलग्न हुन पाईने छैन।

१४.५ आँखा केन्द्रको मासिक प्रगति प्रतिवेदन आँखा केन्द्रका प्रमुखले कैलाश गाउँपालिका, हेटौडा सामुदायिक आँखा अस्पताल र अन्य आवश्यक सरोकारवालालाई पठाउनु पर्नेछ।

१४.६ आँखा केन्द्रलाई प्रवर्द्धन गर्न आवश्यक सामुदायिक कार्यक्रम, आँखा शिविर र तालीमको लागि आर्थिक श्रोतको लागि कैलाश गाँउपलिकाले वार्षिक बजेटमा रकम विनियोजन गर्ने।

## परिच्छेद - ४
## विविध

१५. **अभिलेखीकरण गरिनेः** सामुदायिक आँखा केन्द्र सञ्चालनको लागि आवश्यक सहयोग गर्ने दातृ संस्थाको नाम बोर्डमा अभिलेखीकरण गरिनेछ।

१६. **संशोधन तथा हेरफेरः** यस कार्यविधिमा भएका व्यवस्थाहरुमा थप, घट वा संशोधन तथा हेरफेर गर्न आवश्यक देखिएमा गाउँ कार्यपालिकाले नेपाल आँखा कार्यक्रम, तिलगंगा, हेटौडा सामुदायिक आँखा अस्पतालसँगको छलफलबाट संशोधन गर्न सकिने छ।

प्रमाणीकरण मितिः २०८०/१२/०७

आज्ञाले
विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत